नेपाल सरकार
शहरी विकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण विभाग
बबरमहल, काठमाडौं

## वार्ताद्वारा सम्पत्ति तथा जिन्सी मालसामानहरुको लिलाम बिक्री सम्बन्धी जरुरी सूचना !

(सूचना प्रकाशित मितिः २०८२।०३।०४)

यस विभागमा रहेका प्रयोगमा आउन नसक्ने भई लिलाम विक्री गर्ने निर्णय भएको सम्पत्ति तथा जिन्सी मालसामान लिलाम विक्री गर्न पहिलो पटक मिति २०८२/०१/१५ गते, दोस्रो पटक मिति २०८२/०२/०६ र वार्ताद्वारा सोझै सम्पत्ति तथा जिन्सी मालसामानहरुको लिलाम बिक्री गर्न मिति २०८२/०२/२२ गतेको गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा बोलपत्र आह्वान र वार्ताद्वारा सोझै सम्पत्ति तथा जिन्सी मालसामानहरुको लिलाम बिक्री गर्न सूचना प्रकाशित गर्दा समेत निर्धारित समय र मितिमा कोही कसैले पनि लिलाममा चढेका मालसामानहरु लिलाम सकार गर्न नआएकोले लिलाम बिक्री प्रयोजनार्थ प्रस्तावित अनुमानित न्यूनतम मूल्यमा नघटने गरी एकै प्रकृतिको लिलाम गर्ने सम्पत्ति तथा जिन्सी मालसामानहरुलाई देहायानुसार २ समूहमा प्याकेजिङ्ग गरी सोझै वार्ताद्वारा लिलाम बिक्री गरिने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**<u>सरकारी सम्पत्ति तथा जिन्सी मालसामानहरुको विवरण</u>**

| क्र.सं. | विवरण | लिलाम गर्नु पर्ने परिमाण | एकमुष्ट कायम मूल्य | कैफियत |
|---|---|---|---|---|
| १ | फर्निचर तथा फिक्चर्सजन्य सामानहरू | २८४ थान | रु. १०५०२५।- | |
| २ | कम्प्यूटर, इलेक्ट्रिकल एवं इलेक्ट्रोनिक्स तथा मेशिनरीजन्य सामानहरू | ३८३ थान | रु. ९४७६०८।- | |
| | जम्मा | ६६७ थान | रु. १०५२६३३।- | |

१. वार्ताद्वारा लिलाम बिक्री गरिने मिति, समय र स्थानः २०८२ साल असार महिना ११ गते बुधबार दिउँसो ३ बजे देखि ५ बजे सम्म, यस विभागको प्रशासन शाखा (स्टोर) र सो दिन सार्वजनिक विदा पर्न गए सोको भोलिपल्ट सोही समय र स्थानमा हुनेछ ।

२. वार्ताद्वारा लिलाममा सहभागी हुन चाहने इच्छुक व्यक्ति वा संस्थाले मिति २०८२।०३।१० गते कार्यालय समयभित्र फिर्ता नहुने गरी रु.१०००।- (एक हजार मात्र) यस विभागको प्रशासन शाखा (जिन्सी) मा नगदै बुझाई चालु आ.व.का लागि नवीकरण भएको फर्म दर्ता प्रमाणपत्र वा इच्छुक व्यक्ति भएमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न राखी निवेदन दिनु पर्नेछ ।

३. निवेदन दर्ता नगराई सो मिति समयमा उपस्थित हुने व्यक्ति वा फर्मलाई अन्य कुनै मौका प्रदान गरिने छैन र निर्धारित समय सम्ममा निवेदन दर्ता नगराउनेलाई लिलाममा सहभागी गराईने छैन ।

४. वार्तामा सहभागी हुन निवेदन दर्ता गराई निर्धारित समयभित्र एउटा मात्र व्यक्ति वा फर्म उपस्थित भए वार्ताद्वारा मूल्य कायम गरिने र एक भन्दा बढी व्यक्ति वा फर्म उपस्थित भएमा सहभागीहरूका बीचमा लिलाम बढाबढको प्रक्रिया अपनाईनेछ। सो प्रक्रियामा सबै भन्दा बढी अंक कबुल गर्ने व्यक्ति वा संस्थालाई

आ. एकराज अधिकारी
उप-महानिर्देशक
आवास महाशाखा

लिलाममा राखिएका मालसामानहरू विक्री गरिनेछ । तर विभागबाट कायम भएको एकमुष्ट कायम मूल्य भन्दा कम मोल वा लिलाम बिक्री सकार गरिने छैन।

५ लिलाम गरिने सरकारी सम्पत्ति तथा जिन्सी मालसामानलाई २ समूहमा प्याकेजिङ्ग गरी फर्निचर तथा फिक्चर्सजन्य सामानहरू(२८४ थान,-रकम रु. १०५०२५।-) र कम्प्युटर, इलेक्ट्रिकल एवं इलेक्ट्रोनिक्स तथा मेशिनरीजन्य सामानहरू (३८३ थान- रकम रु. ९४७६०८।-) न्यूनतम मूल्य कायम गरिएको छ। प्याकेजिङ्ग गरिएको यसै रकमलाई न्यूनतम रकम मानी बोलकबोल गर्नु पर्नेछ। साथै प्याकेजिङ्ग भएको मालसामानको प्याकेज अनुसार छुट्टा छुट्टै रुपमा बोल कबोल गर्नु पर्नेछ। वार्ता (लिलाम) मा आफुले कबोल गरेको अंकको १० प्रतिशतले हुन आउने रकम नगदै धरौटी राख्नु पर्नेछ ।

६. वार्ता लिलाम सम्पन्न भएपछि डाँक सकार गरिलिने व्यक्ति वा फर्मले ७ दिन भित्र आफुले कबोल गरेको रकम दाखिला गरी रकम दाखिला गरेको मितिले ७ दिन भित्र सम्पत्ति तथा मालसामानहरू जे जस्तो अवस्थामा उठाई लैजानु पर्नेछ ।सो सम्बन्धमा लाग्ने सम्पूर्ण खर्च लिलाम सकार गर्ने व्यक्ति तथा फर्म आफैले बेहोर्नु पर्नेछ। ७ दिन भित्र आफुले कबोल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम जफत हुनेछ ।

७. लिलाम सम्पन्न हुदाँ सबभन्दा वढी अंक कवोल गर्ने व्यक्ति वा फर्मको वाहेक अन्यको धरौटी सोही दिन फिर्ता गरिनेछ ।

८. लिलाम सकार गरेको समान जे जति थान जे-जस्तो अवस्थामा सोही अवस्थामा लिई जाने र ओसार पसार गर्दा पसार गर्दा लाग्ने खर्च लिलाम सकारकर्ता स्वयंमले तिर्नु पर्नेछ ।

९. यस उल्लेख भएको बाहेक अतिरिक्त अन्य कुरा बुझ्नु परेमा वा सम्पत्ति तथा जिन्सी मालसामानहरु हेर्न चाहेमा यस विभागको प्रशासन शाखा (जिन्सी) मा सम्पर्क राख्नु हुन अनुरोध छ।

**आ. एकराज अधिकारी**
उप-महानिर्देशक
आवास महाशाखा